मा० मन्त्री/मुख्यमन्त्रीस्तरबाट स्वीकृत
मिति :- २०८१।०६।०२

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रस्तावनाः

विद्यालय तहबाट विद्यार्थीलाई स्वस्थ जीवनशैली अपनाउन उत्प्रेरित गरी समग्र विद्यालय स्वास्थ्य तथा सरसफाई प्रवर्द्धनका लागि **विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम** सञ्चालन गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० को उपदफा (२) बमोजिम लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले यो कार्याविधि बनाएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम ' **विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि,** २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले यस कार्याविधि बमोजिम सञ्चालन हुने विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सामाजिक विकास डिभिजन कार्यालय सम्झनु पर्छ ।

(ग) "विद्यालय" भन्नाले रोल्पा र बाँके जिल्लाका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले शिक्षा तथा सामाजिक विकास निर्देशनालय लुम्बिनी प्रदेशलाई संझनुपर्दछ ।

ङ) "विद्यालय स्वास्थ्यकर्मी" भन्नाले विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम अन्तरगत छनोट भएका स्वास्थ्यकर्मी सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

३. <u>कार्यक्रम सञ्चालनको उद्देश्यः</u> (१) यस कार्यविधि बमोजिम संञ्चालन हुने विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम कार्यान्वयनका निम्न उद्देश्यहरु रहेका छन ।

(क) विद्यालय तहबाटै बालबालिकालाई स्वस्थ जीवन शैली अपनाउन उत्प्रेरित गर्ने,

(ख) विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवाको पहुँच वृद्धि गर्ने,

(ग) विद्यालयमा स्वच्छ सफा र सिकाईमैत्री वातावरण तयार गर्ने,

(घ) यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य जस्ता विषयमा परामर्श सेवा प्रदान गर्ने ।

(ङ) प्राथमिक उपचारात्मक सेवा उपलब्ध गराउने ।

४. <u>निर्देशक समितिः</u> (१) विद्यालय स्वास्थ्यक्रमी कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयनका लागि नीतिगत मार्गदर्शन र समन्वय गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) निर्देशक, शिक्षा विकास निर्देशनालय | -सदस्य |
| (ग) निर्देशक, स्वास्थ्य सेवा निर्देशनालय | -सदस्य |
| (घ) उपसचिव प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ङ) उपसचिव प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (च) संयोजकले तोकेको मन्त्रालयको अधिकृत - | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्राथमिकता निर्धारण, नीतिगत मार्गनिर्देशन, योजना तथा मापदण्ड तर्जुमा गर्ने,

(ख) कार्यक्रमको प्रभावकारीताका लागि अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने।

(ग) छनोट समितिका कार्यमा आवश्यक सहजीकरण गर्ने,

६. <u>विद्यालय तथा स्वास्थ्यकर्मी छनोट समितिः</u> (१) कार्यक्रम सञ्चालन हुने विद्यालय छनोटका लागि देहाय बमोजिमको छनोट समिति रहनेछः

| | |
|---|---|
| क) डिभिजन कार्यालय प्रमुख | संयोजक |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

ख) जिल्ला स्वास्थ्य कार्यालयको अधिकृत प्रतिनिधि — सदस्य

ग) कानून अधिकृत, सामाजिक विकास मन्त्रालय — सदस्य

घ) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईको प्रतिनिधि — सदस्य

(२) छनोट समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) छनोट समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

७. छनौट समितिको काम, कर्तव्य र अधिकारः छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय स्वास्थ्यकमी कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुबाट प्राप्त आवेदनहरुको अध्ययन गर्ने,

(ख) कार्यविधिमा तोकिएका मापदण्ड अनुसार विद्यालयहरुको मुल्याङ्कन गर्ने,

(ग) मुल्याङ्कनबाट प्राप्त नामावलीलाई अन्तिम छनोटका लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(घ) निर्देशक समितिबाट छनोट भएका विद्यालयहरुमा विद्यालय स्वास्थ्यकर्मी छनोटका कार्यहरु गर्ने,

ङ) छनोट समितले सफल उम्मेद्वारलाई नियुक्तिका लागि डिभिजन कार्यालयमा सिफारिस गर्ने ।

(च) कार्यक्रमको प्रभावकारीता समबन्धमा अध्ययन अनुमगन गर्ने,

छ) निर्देशक समितिले निर्देशन गरे बमोजिमका अन्य कार्यहरु गर्ने,

८. विद्यालय छनोटका आधारः (१) छनोट समितिले यस कार्यविधिको अनुसूची १ मा उल्लेखित आधार र मापदण्ड अनुसार विद्यालयको छनोट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय छनोट गर्दा समान प्रकृत्तिका कार्यक्रम सञ्चालन भैरहेका विद्यालयमा दोहोरो पर्ने गरी विद्यालय छनोट गरिने छैन ।

९. डिभिजन कार्यालयको भुमिकाः (१) रोल्पा र बाँके जिल्लामा छनोट भएका सामुदायिक माध्यमिक विद्यालयका लागि विद्यालय स्वास्थ्यकर्मी छनोट गर्ने प्रयोजनका लागि सम्बन्धित डिभिजन कार्यालयले अनुसूची २ बमोजिमको योग्यता पुगेका व्यक्तिहरुबाट कम्तिमा १५ दिनको समय दिई दरखास्त आह्वान गर्नेछ ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

१२.<u>पारिश्रमिक भुक्तानी:</u> (१) विद्यालय स्वास्थ्यकर्मीको पारिश्रमिक सम्बन्धित विद्यालय मार्फत भुक्तानी गर्नु हुनेछ। विद्यालयले स्वास्थ्यकर्मीको पारिश्रमिक भुक्तानी माग गर्दा निजको हाजिरी प्रमाणित, तलबी भरपाई, मासिक प्रतिवेदन संलग्न गरी डिभिजन कार्यालयमा सिफारिस सहित पेश गर्नुपर्नेछ ।

<u>१३. विदा:</u> (१) विद्यालय स्वास्थ्यकर्मीले शिक्षकले प्रचलित कानून अनुसार पाउने भैपरी, पर्व र विरामी बिदा पाउने छन । त्यस प्रकृतिको विदा प्रत्येक वर्षको चैत्र मसान्तभित्र खर्च नभएमा सञ्चित हुने छैन।

(२) किरिया वस्नु पर्ने भएमा एक पटकमा बढीमा पन्ध्र दिन किरिया बिदा पाउनेछ।

(३) महिला कर्मचारीको हकमा निज प्रसूति हुने अवस्था भएमा प्रसूति हुनु अघि र पछि गरी बढिमा अन्ठानब्बे दिनसम्म प्रसूति बिदा पाउनेछ ।

(४) करार सेवाका कर्मचारी बिदा बसेकै अवस्थामा करारको म्याद समाप्त भएमा म्याद समाप्त भएपछीको कुनै सेवा सुविधा उपलब्ध गराउने छैन।

<u>१४. क्षमता अभिवृद्धि कार्यक्रम:</u> (१) विद्यालय स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तालिमको व्यवस्था आवश्यकता अनुसार डिभिजन कार्यालयले गर्न सक्नेछ ।

(२) विद्यालयले विद्यालय स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार क्षमता विकासका लागि सम्बन्धित तालिममा पठाउनु पर्नेछ।

<u>१५. विद्यालय स्वास्थ्यकर्मीको काम, कर्तव्य र अधिकार:</u> (१) विद्यालय स्वास्थ्यकर्मीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनका लागि व्यवस्थापकीय भूमिका निर्वाह गर्ने,

(ख) विद्यालय स्वास्थ्यकर्मीले स्वास्थ्य सम्बन्धी प्रवर्धनात्मक, प्रतिरोधात्मक, उपचारात्मक र पोषण सेवा उपलब्ध गराउनु पर्ने,

(ग) छनोट भएको विद्यालयको अतिरिक्त आवश्यकता अनुसार स्थानीय तहले खटाएको अन्य विद्यालयमा समेत विद्यालय स्वास्थ्यकर्मीको रुपमा कामकाज गर्नु पर्ने,

(घ) विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विद्यार्थीको अभिभावकसँग आवश्यक परामर्श र मञ्जुरीनामा लिनु पर्ने,

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ङ) विद्यार्थी/शिक्षक/कर्मचारीलाई थप उपचार आवश्यक भएमा अनिवार्य रुपमा प्रेषण पुर्जा भरेर सम्बन्धित स्वास्थ्य संस्थामा पठाउनु पर्ने।

**१६. विद्यालयको भूमिका:** (१) विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमका लागि छनोट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कार्यालयबाट सिफारिस भई आएका विद्यालय स्वस्थ्यकर्मीलाई विद्यालयमा हाजिर गराई कामकाजमा लगाउने,

(ख) विद्यालयमा प्राथमिक उपचार सम्बन्धी सामग्रीहरुको उचित व्यवस्थापन गर्ने,

ग) मासिक रुपमा कार्यक्रमको प्रगति विवरण डिभिजन कार्यालयमा पठाउने ।

घ) निर्देशक समितिले दिएका निर्देशनहरु पालना गर्ने ।

**१७. करार अन्त्य:** विद्यालय स्वास्थ्यकर्मीको कार्यसम्पादन सन्तोषजनक नभएको भनी सम्बन्धित विद्यालय वा कार्यालयले सिफारिस गरेमा डिभिजन कार्यालयले आवश्यक छानविन गर्दा कार्यसम्पादन सन्तोषजनक भएको नपाएमा त्यस्त करार सम्झौता जुनसुकै समयमा रद्ध गरी निजलाई करार सेवाबाट हटाउन सक्नेछ। त्यसरी करार सम्झौता रद्ध गर्न अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**१८. अनुगमन र मूल्याङ्कन:** कार्यक्रमको प्रभावकारिताको लागि मन्त्रालय, निर्देशनालय र कार्यालयले अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ ।

**१९. बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**२०. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने:** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसुची १

## विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम

### विद्यालय छनोट सम्बन्धी मापदण्ड

| क्र स | विद्यालय छनोटका आधार | सुचक | | अंकको वर्गिकरण | कैफियत |
|---|---|---|---|---|---|
| | | पहाडमा | तराईमा | | |
| १ | विद्यार्थी संख्या | ५०० भन्दा कम | ७०० भन्दा कम | १५ अंक | |
| | | ५०० – ७०० | ७०० – १००० | २० अंक | |
| | | ७०० - १००० वा सो भन्दा माथी | १००० -१२०० वा सो भन्दा माथि | २५ अंक | |
| २ | किशोरी संख्या प्रतिसत | ४० प्रतिसत वा सो भन्दा कम | | १५ अंक | |
| | | ४० प्रतिसत भन्दा माथी | | २५ अंक | |
| ३ | | | | | |

१. संघ तथा स्थानीय तहबाट विद्यालय नर्स नियुक्ति नभएका र कार्यक्रम सञ्चालन नभएका विद्यालय ।

२. कुनै पनि निकाय तथा गैर सरकारी संस्थाबाट विद्यालय स्वास्थ्य तथा विद्यालय नर्स सम्बन्धी कार्यक्रम सञ्चालन नभएका विद्यालय ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

अनुसूची २

## विद्यालय स्वास्थ्यकर्मीको योग्यता र छनोटका आधारहरु

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ANM/CMA उत्तीर्ण भएको भएको

(ग) नेपाली नागरिक,

(घ) अठार वर्ष पूरा भई चालिस वर्ष ननाघेको र

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

| क स | विवरण | पुर्णाङ्क (५०) | कैफियत |
| --- | --- | --- | --- |
| १ | शैक्षिक योग्यता वापत | बढीमा २० अंक | विशिष्ट श्रेणी २०, प्रथम १८, द्वितीय १५ र तृतीय १२ अंक |
| २ | अनुभव वापत | ५ अंक | प्रतिवर्ष १ वर्षका दरले |
| ३ | सम्बन्धित स्थानीय तहको भएमा | ५ अंक | |
| ४ | सम्बन्धित जिल्लाको भएमा | ३ अंक | |
| ५ | सम्बन्धित प्रदेशको भएमा | २ अंक | |
| ६ | अन्तर्वार्तामा अधिकतम | १५ अंक | न्युनतम ३५ प्रतिसत र अधिकतम ७० प्रतिसत भन्दा बढी दिन नपाईने |